

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ १४ गते बिहीबार ❑ 31 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरामा तार भूमिगतको काम सुस्त

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं

ठेक्का अवधि सकिन लाग्दा पनि पोखरामा विद्युतीय तार भूमिगत गर्ने कामले गति लिन सकेको छैन । गत वैशाखदेखि तार विछ्याउन सुरु गरिए पनि आयोजनाको प्रगति भने निराशाजनक छ । दुई वर्षमा सक्ने गरी भारतीय कम्पनी टाटा प्रोजेक्ट्सले विसं २०७८ माघमा निर्माणको जिम्मा पाएको थियो ।

ठेक्का सम्झौता भएको १५ महिनामा गत वैशाख तेस्रो सातादेखि काम सुरु भएकामा हालसम्मको भौतिक प्रगति पाँच प्रतिशतभन्दा न्यून छ । नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाका प्रमुख इञ्जिनीयर आनन्द सुवेदीले जमिनको बनावटका कारण काममा ढिलाइ भएको बताउनुभयो ।"पोखरामा भूगर्भको अवस्थिति प्रक्षेपण गरेभन्दा फरक पाइयो, बढी चट्टानी जमिन भएकाले उपकरणले नै काम गरेन", उहाँले भन्नुभयो, "उपकरणदेखि कामको पूर्वयोजना र डिजाइन नै परिमार्जन गर्नुपर्ने अवस्था आयो ।" अहिले उच्च क्षमताको उपकरण ल्याएपछि कामले केही गति लिएको प्रमुख सुवेदीले बताउनुभयो ।

"प्राविधिक कारणले भौतिकतर्फको काममा ढिलाइ भएको हो, यहीबीचमा वर्षातको बेला पनि भयो, अब आयोजनाले गति लिन्छ", उहाँले भन्नुभयो, "पोखरा-१० कुँडहर र पोखरा-६ लेकसाइड क्षेत्रमा तार विछ्याउने काम भइरहेको छ, निर्धारित समयमा निर्माण पूरा हुन नसके पनि छिटोभन्दा छिटो काम सक्ने गरी हामी खटिएका छौँ ।" इञ्जिनीयरिङ डिजाइन, उपकरण खरिदलगायतमा समय लागेकाले आयोजनाको काम सुरुदेखि नै धकेलिँदै आएको थियो । आयोजनालाई चाहिने तारसहित महत्वपूर्ण उपकरण भारतबाट ल्याइएको हो । पोखरा-मुग्लिन सडक आयोजनाले अनुमति नदिएका कारण पनि मुख्य राजमार्ग क्षेत्रमा तार भूमिगत गर्न समस्या भएको थियो । सडक आयोजनाले १५ दिनअघि अनुमति दिएकाले अब काम प्रभावित नहुने प्रमुख सुवेदीले बताउनुभयो । सुरुमा कुँडहरमा रहेको प्राधिकरणको सव-स्टेशन क्षेत्रको तार भूमिगत गर्न थालिएको उहाँले उल्लेख गर्नुभयो । सो ठाउँमा अहिले सडक खन्ने र पाइप विछ्याउने काम भइरहेको प्रमुख सुवेदीको भनाइ छ । आयोजनाअन्तर्गत पोखरा-१० कुँडहरदेखि जिरो किमिसम्मको मुख्य राजमार्ग, सिर्जनाचोक, राष्ट्रबैंकचोक, लेकसाइड, सभागृहचोक, न्यूरोड, चिप्लेढुङ्गागायतका क्षेत्रमा तार भूमिगत गरिने भएको हो । मुख्यदेखि सहायक सडकसम्मै तार विछ्याइने आयोजनाले जनाएको छ । विद्युत् लाइनसँगै टेलिफोन, केबल र इन्टरनेटका तारका लागि अप्टिकल फाइबर पनि विच्छ्याइनेछ । "विद्युत्सँगै केबल र दूरसञ्चार सेवा प्रदायक संस्थाका तार पनि एकैसाथ भूमिगत गरिन्छ, अहिले भएको ओभरहेड प्रणालीका सबै तार हट्छन्", आयोजना प्रमुख सुवेदीले भन्नुभयो, "पोखराका मुख्य सहरी क्षेत्र र पर्यटकको बढी आउजाउ हुने ठाउँको तारलाई जमिनमुनि विछ्याउन लागिएको हो ।" पोखरामा तार भूमिगत र वितरण प्रणाली सुदृढीकरणमा रु एक अर्ब ३० करोड खर्च हुने प्राधिकरणले जनाएको छ । पोखरा सहरभरिको तारलाई भूमिगत गर्न पाँच अर्ब बढी बजेट चाहिने आयोजना प्रमुख सुवेदीले बताउनुभयो । पोखरा र भरतपुरमा तार विछ्याउन रु दुई अर्ब ५० करोड ३३ लाखमा ठेक्का लगाइएको थियो । दुवै सहरमा एकै प्याकेजमा काम भइरहेको आयोजना प्रमुख सुवेदीले बताउनुभयो । तार विछ्याएपछि ग्राहकको घरघरमा बिजुली पुऱ्याउने काम पनि प्राधिकरण नै गर्नेछ । प्राधिकरणले सडकमा न्यून क्षति हुनेगरी तार विछ्याउने प्रविधि प्रयोग गर्दै आएको छ । 'होरिजेन्टल डाइरेक्सनल ड्रिलिङ' प्रविधिबाट सडक खनेर तार भूमिगत गरिने आयोजना प्रमुख सुवेदीले बताउनुभयो । यात्रु र यातायातका साधनको आउजाउमा बाधा नपुग्ने गरी निर्माणका काम भइरहेको उहाँको भनाइ छ । तार भूमिगत गरेपछि ठाउँ-ठाउँमा ट्रान्सफर्मर राखेर ग्राहकका घर-घरमा बिजुली पुऱ्याइने प्राधिकरणले जनाएको छ । प्राधिकरणको पोखरा वितरण केन्द्रका अनुसार तार भूमिगत आयोजनाले ओगटेको क्षेत्रभन्दा बाहिरका अव्यवस्थित र जीर्ण विद्युत् पोल हटाउन छुट्टै ठेक्का


बाँकी अन्तिम पृष्ठमा ▶▶


## तिज पर्वमा तडक भडक र खर्चिलो नबनाउन प्रशासनको चेतावनी

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं

पोखरा लगायतका क्षेत्रमा करिब एक महिना अघि देखि नै होटल तथा रेष्टुरेण्ट एवं पार्टी प्यालेसहरुमा रकम संकलन गरी हरितालिका तिज पर्वलाई भड्किलो बनाउदै दरखाने तथा खुवाउने कार्यक्रम केही बर्ष देखि चल्दै आएको छ ।

चार्ड पर्वको मर्म र भावना विपरित केही संघ संस्थाहरुले आफ्नो स्वार्थको लागि चार्ड पर्वको नाममा चर्को रकम अशुली यस्ता कार्यक्रम हुने गरेको परिस्थितीमा यस बर्ष जिल्ला प्रशासन कार्यालय कास्कीले एक सूचना जारी गर्दै तड्क भडक र खर्चिलो गरी चार्ड पर्व नमनाउन आग्रह गरेको हो । नेपालीहरुका महान पर्वहरु नजिकीदै गर्दा जिल्ला प्रशासन कार्यालय कास्कीले नेपाली चार्ड पर्व मनाउने नाममा तड्क भडक र खर्चिलो गरी मनाएमा आवश्यक कारवाही गर्ने चेतावनी दिएको छ । आफ्नो परम्परा, सामाजिक रितिरिवाजलाई निरन्तरता दिने तथा सम्बर्द्धन गर्ने बाहेक अन्य कुनै पनि खालका खर्चिला तथा महिला कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन नगर्न नगराउनु हुन जिल्ला प्रशासन कार्यालय कास्की एक सूचना जारी गर्दै सम्पूर्ण जिल्ला बासीहरुमा अनुरोध गरेको हो ।

हिन्दु महिलाहरुको महान चाड हरितालिका तिज नजिकिदै गइरहेको सन्दर्भमा विगत केही वर्ष यता हरितालिका तिज पर्व मनाउने नाममा विभिन्न तड्क भडक सहितका अत्यन्त खर्चिला कार्यक्रम गर्ने र जसका कारण विभिन्न विकृति र सामाजिक अपराधलाई प्रोत्साहन पुगेकोले त्यसलाई नियन्त्रण गर्न उक्त पूर्व सचेत गराइएको कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो । तिजको अवसरमा सार्वजनिक स्थल पार्टी प्यालेसमा रकम संकलन गर्ने उद्देश्यले मेला महोत्सव जिल्ला प्रशासन कार्यालयको पूर्व स्वीकृती विना आयोजना नगर्नु हुन उहाँले आग्रह गर्नु भएको छ ।

सामाजिक अनुशासन कायम गर्ने यस कार्यमा राजनीतिक दल, नागरिक समाज, पेशागत संघ संस्थाहरु, संचारकर्मीहरु र महिला सञ्जाल तथा सम्पूर्ण जिल्लावासीहरुबाट सहयोगको अपेक्षा गरिएको सूचनामा उल्लेख छ । यस सूचना सामाजिक व्यवहार (सुधार) ऐन तथा नियमावली २०३३ र अन्य प्रचलित कानुनको विपरित हुने गरी कोही कसैले त्यस्ता गतिविधि जात्रा, मेला महोत्सव पार्टी जस्ता कार्यक्रमहरु नगर्नु नगराउनुहुन अनुरोध गरिएको छ भने कसैले यस सूचना विपरित गरे गराएमा प्रचलित कानून बमोजिम कारवाही हुने प्रशासनले जनाएको छ ।

## कास्कीलाई बिकासमा नमुना बनाऔं -जि.स.स. कास्की प्रमुख पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं



जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले कास्कीलाई बिकासमा नमुना बनाउने गरी काम गर्न कास्कीका स्थानीय तहका जनप्रतिनिधिहरूलाई आग्रह गर्नु भएको छ ।

पौडेलले जिल्ला समन्वय समिति कास्कीको आयोजनामा स्थानीय तहका जनप्रतिनिधि वडा सदस्यहरूको लागि क्षमता अभिबृद्धी तालिमको समापनको अबसरमा सो कुरा बताउनु भएको हो । पौडेलले बिकासका काम युग सुहाउदो, समय सापेक्ष र वडामा बिकास प्रभाबकारी हुन नसकेको गुनासो सुन्नु नपरोस भन्ने हेतुले कार्यक्रम आयोजना गरीएको उल्लेख गर्नुभयो ।उहाले जनप्रतिनिधिहरूको सबलीकरणमा तालिम कोषेढुंगा साबित भएको दाबी गर्नुभयो । प्रमुख पौडेलले बिकासमा गुणस्तरिय सेवा प्रबाहमा स्थानीय तहका प्रतिनिधिहरूको यो कार्यकाल एतिहासिक र स्वर्णिम हुनुपर्ने र त्यहि अनुसार तालिमबाट प्राप्त ज्ञान सिपलाइ अब्बलरूपमा ब्यबहारमा उतार्न आग्रह गर्नुभयो ।जिल्ला समन्वय अधिकारी नवराज बरालले क्षमता निरन्तर बढाउन जरूरी रहेको भन्दै सम्बृद कास्कीको लागि प्रभाबकारी जनप्रतिनिधिहरू निर्माणमा तालिम फलदायी भएको दाबि गरे ।

जिल्ला समन्वय समिति कास्कीले मंगलबार कास्कीका चारवटा गाउँपालिका र बुधबार पोखरा महानगर अन्तर्गतका वडा सदस्यहरू सहभागी भएको क्षमता बिकास तालिम आयोजना गरेको थियो । कार्यक्रममा बिकासका योजना छनोट, प्रक्रिया र विधि स्थानीय सरकार संचालनमा वडा सदस्यको भुमिका, बिद्यमान ऐन कानुन लगायतका बिषयमा प्रशिक्षण प्रदान गरिएको सो कार्यालयका सूचना अधिकारी झबिश्वर रेग्मीले उल्लेख गर्नु भयो । कार्यक्रममा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डे , जिल्ला समन्वय अधिकारी नवराज बराल , शाखा अधिकृत झबिश्वर रेग्मी लगायतले सहजीकरण गर्नुभएको थियो। जि. स. स. कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उप - प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको सो कार्यालयले जानकारी दिएको छ ।


### कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-१३, कास्की
फोन नं.: ०६१-५८५७९५, ०६१-५७६९८८

### २५ औं वार्षिक साधारण सभा सम्बन्धमा

यस संस्थाको मिति २०८० भाद्र ०८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको २५औं वार्षिक साधारण सभा तपसिलको मिति, समय र स्थानमा निम्न विषयवस्तुहरु उपर छलफल तथा निर्णय गर्नुपर्ने भएको हुँदा संस्थाको वार्षिक प्रतिवेदन बुझि आफ्ना सुझावहरु लिखित रुपमा प्रदान गरि संस्थाको **२५ औं वार्षिक साधारण सभा**को उपस्थिती पुस्तिकामा उपस्थिती जनाई सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**प्रस्तावित विषयहरू** :

१) संचालक समितिको तर्फबाट, अध्यक्षद्धारा आ.व.२०७९/०८० को प्रतिवेदन प्रस्तुत तथा पारित सम्बन्धमा ।
२) संचालक समितिको तर्फबाट, सचिवद्धारा आ.व.२०७९/०८० को प्रतिवेदन प्रस्तुत तथा पारित सम्बन्धमा ।
३) कोषाध्यक्षद्धारा आ.व.२०७९/०८० को आर्थिक प्रतिवेदन, आ.व.२०८०/०८१ को भावी नीति, कार्यक्रम तथा बजेट प्रस्तुत एवं पारित सम्बन्धमा ।
४) लेखा सुपरिवेक्षण समितिको तर्फबाट आ.व.२०७९/०८० को प्रतिवेदन प्रस्तुत तथा पारित सम्बन्धमा ।
५) आ.व.२०७९/०८० को लेखा परिक्षक प्रतिवेदन प्रस्तुत तथा पारित सम्बन्धमा ।
६) लाभांश तथा संरक्षित पुँजी फिर्ताकोषको रकम वितरण सम्बन्धमा ।
७) विनियम पुनर्लेखन सम्बन्धमा ।
८) प्रतिनिधि मुलक साधारण सभा संचालन नीति सम्बन्धमा ।
९) नियमावली कार्यविधि संसोधन सम्बन्धमा ।
१०) आ.व.२०८०/०८१ को लागि लेखा परिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
११) विविध ।
१२) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यहरुको नियुक्ति सम्बन्धमा ।

**कार्यक्रम** :
**मिति : २०८० साल असोज ६ गते शनिवार**
**समय : ११: ०० बजे**
**स्थान : एस आर के सी बैंकुट, पोखरा-१२**

पुनश्च : उपस्थिती भै हस्ताक्षर भएको आधारमा गणपुरक संख्याको गणना गर्नुपर्ने भएकाले अनिवार्य सहभागिताको लागि हार्दिक अनुरोध गर्दछु ।

**संचालक समितिको आज्ञाले**
**शान्त कुमार श्रेष्ठ**
**सचिव**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फ्रेड डे

## सम्पादकीय

# जनैपूर्णिमाको शुभकामना

हिन्दु धर्मावलम्बीले मनाउने चाडपर्व मध्ये जनैपूर्णिमा विषेश महत्त्वको छ । आजको दिनलाई जनैपूर्णिमा, श्रावणी, रक्षा बन्धन, ऋषि तर्पणी, ऋषि पूर्णिमा र क्वाँटी पूर्णिमा समेत भनिन्छ । जनैपूर्णिमामा नदी, तलाउ वा तीर्थस्थलको किनारमा एकत्रित भएर वैदिक विधिपूर्वक स्नान, सूर्यआराधना, प्राणायाम, अग्निहोत्र र ऋषिको पूजा गरिन्छ । यसरी पूजा गर्दा शारीरिक, मानसिक तथा आध्यात्मिक शुद्धि हुने विश्वास गरिन्छ । सुरक्षाको प्रतीक सूत्र नाडीमा बाँधिने भएर रक्षा बन्धनको शब्दले पनि चिनिन्छ । पछिल्लो समय दिदीबहिनीले दाजुभाइलाई राखी बाँधीदिने गरिन्छ । भारतीय चलन नेपालमा सरेको छ । राखी कुटनीति पनि हुन थालेको छ ।

प्रधानमन्त्री पत्नी डाक्टर आरजु राणा देउवाले भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख विजय चौथाईवालालाई राखी बाँधेर भारतीय सत्तारूढ पार्टीसँग सम्बन्ध सुधारको काम गरेकोले कुटनीति पनि बन्न पुगेको छ । यो दिन घरघरमा क्वाँटी पकाएर खाने चलन छ । क्वाँटीमा विभिन्न थरिका गेडागुडी चना, मस्याङ, बोडी, मास, भटमास, सिमी, बकुल्ला, केराउ, राज्मा मिसाएर टुसा उमारी बनाइने गरिन्छ । क्वाँटीमा कार्बोहाइड्रेड, प्रोटिन, भिटामिन, मिनरल्स, आइरन तथा फाइबर पर्याप्त मात्रामा पाइने हुँदा यसले थकित शरीरमा ऊर्जा जगाउनुका साथै चिसो पनि भगाउँछ ।

गुरु विधिपूर्वक मन्त्रिएको जनै धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ । जनै पूर्णिमाको दिन विधिपूर्वक वेदका मन्त्रले अभिमन्त्रणा गरिएको जनै पहिरिने नेपालमा प्रचलन छ । त्यहीअनुसार गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको जनै एवं डोरो धारण गरिन्छ । जनै पूजा, पितृ कार्यमा समेत अत्यावश्यक हुन्छ । डोरोको पनि विभिन्न धार्मिक क्रियाकलापमा विशेष महत्व हुन्छ । हिन्दु धर्मावलम्बीले जनै पूर्णिमाको अवसरमा धेरैले नयाँ जनै ग्रहण गर्ने गर्छ । धेरै महत बोकेको चाडलाई सबैले मनाउन सक्ने बनाउन सकेमा जनैपूणिर्माको महत्व बढेर जानेछ । जनैपूर्णिमाको सबैमा हार्दिक शुभकामना ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : मन चञ्चल | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ऐतिहासिक पुर्कोट गढीको संरक्षण

**रासस**
पर्वत, १३ भदौं

जिल्लाका करिब दुई दर्जन ऐतिहासिक कोतका विकास भइरहेका बेला लामो समयदेखि ओझेलमा परेको फलेवास नगरपालिका-३ शङ्कर पोखरीस्थित पुर्कोटगढी भने नेपाली सेनाले पुनः निर्माण गरेको छ । समुद्री सतहबाट करिब एक हजार नौ सय मिटरको उचाइमा रहेको सो ठाउँ जिल्लाका अन्य कोटभन्दा धेरै ठूलो छ ।

मल्लकालको शासन तथा नेपालको एकीकरण पूर्वका करिब साढे तीन सय वर्षसम्म यहाँ पर्वते राजाले शासन गरेका थिए। कुश्मास्थित नेपाली सेनाको नयाँ रणभिम गुल्मका अनुसार पुर्कोट क्षेत्रभित्र रहेका प्राचीन सभ्यता झल्किने अवशेष संरक्षणका लागि विभिन्न काम गरिएको छ । नेपाली सेनाको नागरिक-सैनिक सहकार्य कार्यक्रमअन्तर्गत रु आठ लाखको लागतमा पुर्कोट कोत पुनःनिर्माण गरिएको हो ।

नेपाली सेना पश्चिम पृतना हेडक्वाटरको पहल र नयाँ रणभिम गुल्मको योगदानमा एकै महिनामा काम सम्पन्न गरी ती भौतिक संरचना स्थानीयवासीलाई हस्तान्तरणसमेत गरिएको छ । यहाँ बडादसैं र चैते दसैंगरी वर्षमा दुई पटक नवदुर्गाको पूजा हुने भए पनि भौतिक संरचनाको अभावमा समस्या हुँदै आएको थियो । सेनाको टोलीले एक महिनाको अवधिमा कोट क्षेत्रभित्र सामुदायिक भवनसहितका भौतिक संरचना तयार पारेको थियो ।

पुनः निर्माण पूरा भएपछि पश्चिम पृतना हेडक्वाटरका पृतनापति उपरथी दीपककुमार बानियाँसहितको टोलीले अवलोकनपछि उक्त कोट वडाध्यक्ष अर्जुनबहादुर कार्कीलाई हस्तान्तरण गरेको थियो । सो अवसरमा उपरथी बानियाँले नेपाली सेना नागरिकसँग सहकार्य र समन्वय गरेर सामाजिक क्षेत्रमा काम गर्न तयार रहेको बताउनुभयो । उहाँले यस्तो ऐतिहासिक महत्वको स्थल संरक्षणमा सेनाले काम गर्दै आएको जानकारी गराउनुभयो ।

उपरथी बानियाँले पुर्कोट मात्र नभएर सोही स्थानमा रहेको त्रिभुवन माविमा पुस्तकालय निर्माणका लागि रु १० लाख सहयोग गरिएको जानकारी पनि दिनुभयो । शङ्कर पोखरीका वडाध्यक्ष अर्जुनबहादुर कार्कीले कम लागतमै सेनाले आकर्षक तरिकाले भौतिक संरचना तयार पारिएको बताउँदै उक्त क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने लक्ष्य नगरपालिकाले लिएको बताउनुभयो । कोटमा निर्माण भएको सामुदायिक भवनले पूजाआजा गर्न वा अवलोकनको लागि जानेहरूलाई पनि सहज हुने उहाँको भनाइ थियो ।

यो कोटमा वडादसैंमा नौ दिनसम्म नै पुजारी बसेर पूजा हुने गरेकामा यसअघि कुनै पनि संरचना नहुँदा पुजारीले दैनिक घरबाट आउजाउ गर्नुपर्दा समस्या हुँदै आएको थियो । अब दसैंको अवधिभर घरमै बस्न मिल्ने भएको छ । “यहाँका पुराना संरचनाले नै यसको इतिहास बताइरहेको छ”, स्थानीयवासी यज्ञबहादुर खत्रीले भन्नुभयो, “पुराना ओखल, दरबारको भग्नावशेष, इनार निशाना अझै देखिन्छन् ।” भुरेटाकुरे राजाहरूले शासन गर्ने समयमा धान कुट्न बनाइएका ओखल, पानी पिउन बनाइएको इनार अहिले पनि छन् । तीबाहेक राज्यभर उर्दी जारी गर्न राखिएको घण्ट पनि सुरक्षित छ। अब यस गढीको प्रचारप्रसार र प्रवर्द्धनमा लाग्ने वडाध्यक्ष कार्कीले बताउनुभयो । सदरमुकाम कुश्माबाट करिब डेढ घण्टाको पैदलमा पुग्न सकिने पुर्कोट भौगोलिक दृष्टिकोणले समेत रमणीय छ। यहाँबाट धौलागिरि, माछापुच्छे, अन्नपूर्ण, नीलगिरिलगायत दर्जनभन्दा बढी हिमाल नियाल्न सकिन्छ । त्यससँगै छिमेकी जिल्ला बागलुङ, स्याङ्जा र कास्कीका धेरै स्थानको वलोकन गर्न सकिने भएकाले पर्यटकीय विकासका लागि पनि राम्रो सम्भावना रहेको स्थानीय अगुवा धनबहादुर थापाले बताउनुभयो ।

हाल करिब २० रोपनीमा खुम्चिएको पुर्कोटको क्षेत्रफल बढाएर ५० रोपनी पुऱ्याउने, भ्यू-टावर निर्माण, जीर्ण संरचनाको संरक्षण तथा मर्मत, खेलमैदान, बगैंचा निर्माणसहितका योजना बनाएर यहाँ जिल्लाकै पर्यटकीय आकर्षणका रूपमा विकास गर्ने योजना नगरपालिकाले बनाएको पूर्वनगरप्रमुख पदमपाणि शर्माले बताउनुभयो ।

# अर्ग्यानिक खेतीमा युवाको आकर्षण

**रासस**
म्याग्दी, १३ भदौं

म्याग्दीमा पछिल्ला दुई वर्षयता कृषि क्षेत्रमा युवाहरूको संलग्नता उत्साहाजनक रूपमा बढेको छ । कृषिमा युवाहरूको प्रवेशसँगै ग्रामीण क्षेत्रका खेतबारी र पाखो जमिनमा समेत कृषि प्रविधिको प्रयोग हुन थालेपछि यहाँका किसानहरू आर्ग्यानिक खेती विस्तारमा जुटेका छन् ।

धौलागिरि हिमालको फेदी र म्याग्दी तथा कालीगण्डकी नदीको वारिपारिका ग्रामीण खेतबारीमा जिल्लाको कृषकहरूले आर्ग्यानिक खेती प्रणाली सुरु गरेका हुन् । विशेषगरी व्यावसायिक कृषिमा युवा सहभागिता बढ्दै गएपछि यहाँ कृषिले व्यावसायिक रुप लिनाका साथै कृषिमा प्रविधिको प्रयोग र आर्ग्यानिक खेती विस्तारको क्रम बढ्दै जान थालेको हो ।

विगत दुई वर्षयता जिल्लामा आर्ग्यानिक खेती सुरु भएको र यसले व्यापकता पाउँदै गएको यहाँका उपभोक्ताहरूले बताएका छन् । तीन वर्षअघि सम्म स्थानीय तरकारीको सट्टा आयातित तरकारी खोजी गर्ने यहाँका उपभोक्ताहरू अहिले भने खोजीखोजी स्थानीय उत्पादन खरिद गर्ने गरेका छन् । “अहिले सदरमुकाम बेनीका प्रायः सबै घरका भान्छामा स्थानीय उत्पादनका तरकारी पाक्ने गर्दछ”, बेनीबजारका व्यवसायी राधिका केसीले भन्नुभयो, “ग्राहकहरू स्थानीय उत्पादनको खोजीमा हुन्छन्, गाउँगाउँबाट आर्ग्यानिक तरकारी बजारमा झर्न थालेपछि आयातित तरकारीको माग घटेको छ ।” त्यसैगरी कृषकले पनि बजारमा आर्ग्यानिक उत्पादनको माग बढ्दै गएपछि रासायनिक विषादीको प्रयोग गर्न छोडेका छन् । करिब ४० वर्षदेखि कृषि पेसामा लागेका म्याग्दीको बेनी नगरपालिका-२ खबराका ६८ वर्षीय चन्द्रबहादुर कार्की पछिल्लो दुई वर्षयता आफूले फलाएको तरकारीको माग बढेपछि दङ्ग पर्नुभएको छ । घर नजिकैको १४ रोपनी खेत र बारीमा प्राङ्गारिक तरकारी खेती गर्दै आएका कार्कीले दुई वर्षअघि सम्म कहिल्यै पनि अर्ग्यानिक तरकारीको बिक्री यति धेरै भएको थाहा पाउनुभएको थिएन । “म विगत ४० वर्षदेखि तरकारी खेतीमा छु, मेरो जीवनको उर्वर समय मैले मेरै खेतबारीको माटोमा बिताएको छु,” कार्कीले भन्नुभयो, “तर पछिल्ला दुई वर्षयता जसरी मैले फलाएको तरकारीको बिक्री भयो, त्यसरी यसअघि भएको थिएन ।” युवाहरू नै खेतीपातीको काममा लागेपछि म्याग्दीको ग्रामीण जीवन र कृषि प्रणालीमा नयाँपन थपिएको स्थानीयवासीको भनाइ छ । ‘लाहुरेहरूको जिल्ला’ भनेर परिचय बनाएको म्याग्दीमा पछिल्लो समय विदेश जाने कम र विदेशबाट फर्किएर आफ्नै गाउँमा कृषिमा लगानी गरी व्यावसायिक बन्ने युवाहरूको सङ्ख्या बढ्दै जान थालेको छ । खबराका कृषक शोभित शर्मा, डडुवाका भीमबहादुर भण्डारी, डाँडाखेतका नारायण पौडेल, बाबियाचौरका धर्मराज सुवेदी, अर्मनका टीकालाल सापकोटा, रत्नेचौरका भविलाल किसानलगायतका जिल्लाका २४ भन्दा बढी कृषकले पछिल्लो समय प्राङ्गारिक तरकारी खेतीको सुरुआत गरेका छन् । विगतमा तरकारी बिक्रीबाट वार्षिक रु पाँच लाख आम्दानी गर्दै आएका खबराका चन्द्रबहादुर कार्कीले २०७६ को चैतदेखि २०८० को साउनसम्म तरकारी बिक्री गरेर रु ४० लाखभन्दा बढी आम्दानी भएको बताउनुभयो । त्यसैगरी डडुवाका मोहन भण्डारी पनि गत वर्ष आफूले उत्पादन गरेको तरकारी राम्रो बिक्री भएको र सोचेभन्दा बढी आम्दानी भएको जानकारी दिनुभयो ।

कोरोनापछि धेरै मानिसले अर्ग्यानिक उत्पादन खोज्न थालेको खबराका कृषक शोभित सापकोटाले बताउनुभयो । अर्ग्यानिक तरकारी खरिद गर्न बेनीबजारबाट धेरै ग्राहक बारीमा नै आउन थालेका छन् । कोरोनापछि अर्ग्यानिक तरकारी खोज्दै उनको बारीमा धेरै उपभोक्ता पुग्छन् । प्राङ्गारिक तरकारी खेती गर्न पाउँदा एकदम खुसी लागेको उहाँ बताउनुहुन्छ । जिल्लाका छवटा स्थानीय तहमा गरी दुई सयभन्दा बढी कृषक व्यावसायिक तरकारी खेतीमा लागेका कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ । तरकारी खेतीमा लागेका किसानले पछिल्ला वर्षमा मनग्य आम्दानी गर्न थालेका कृषि प्राविधिकजगत् बानियाँको अनुभव रहेको छ । बानियाँ भन्नुहुन्छ, “कोरोना कहर सुरु भएयता मानिसले अर्ग्यानिक उत्पादनको महत्व बुझ्न थालेका छन्, जसले गर्दा गाउँका उत्पादनको माग सहर बजारमा बढी हुन थालेपछि किसानलाई फाइदा भएको हो ।” विषादीयुक्त तरकारीले मानव स्वास्थ्यमा धेरै हानि गर्ने हुँदा सबैले अर्ग्यानिक खेती गर्नु कृषिविज्ञको भनाइ रहेको छ । म्याग्दीमा निजी क्षेत्रले करोडौं लगानीमा कृषिफार्म सञ्चालन गरेका छन् । जिल्लाको बेनीनगरपालिका-४ सिङ्गा र आवेबगरमा करिब रु १० करोडको लगानीमा सञ्चालित हरियाली कृषि फार्म र मङ्गला गाउँपालिकाको हिदीमा रु तीन करोडको लगानीमा प्राङ्गारिक कृषि फार्म सञ्चालित छन् । यी कृषि फार्मले पनि प्राङ्गारिक उत्पादनमा जोड दिँदै आएका छन् । म्याग्दीमा पछिल्लो समय अर्ग्यानिक कृषितर्फ युवाको पनि आकर्षण बढ्दै गएको छ । विशेष गरी कोरोनाका कारण विदेशमा रोजगारी गुमाएर गाउँ फर्किएका युवा अर्ग्यानिक खेतीतर्फ लागेका छन् । कोरोना महामारी बढेसँगै वैदेशिक रोजगारीमा जान नपाउँदा घरमै अलमलिएका म्याग्दीका युवा कृषिमा प्रविधिको प्रयोग गरी बाँझो जमिन जोत्ने र खाद्यान्न उत्पादन बढाउने काममा लागेका छन् । सरकारले कृषिमा विभिन्न अनुदानका कार्यक्रम ल्याइ कृषि उपकरण लगायत मल र बीउको पनि सहज रूपमा व्यवस्था गर्न थालेपछि कृषि क्षेत्रमा पनि युवाहरूको आकर्षण बढ्दै जान थालेको हो । विगत दुई वर्ष अघिको तुलनामा अहिले म्याग्दीमा कृषि उपजहरूको उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ । दुई वर्षअघि सम्म कूल खेतीयोग्य जमिनको ६२ प्रतिशत जमिनमा मात्र खेती गरिएकामा अहिले ८२ प्रतिशत जमिनमा खाद्यान्न, तरकारी र फलफूल खेती विस्तार गरिएको छ ।

# एओएसमा विद्यार्थीको कक्षा प्रस्तुतीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भदौं

पोखरा १७ घारिपाटनमा रहेको एसओएस हर्मन माइनर माविमा बुधबार १० कक्षाका विद्यार्थीहरूले आफ्नो प्रस्तुतीकरण प्रदर्शन गरेका छन् । नियमित पढाइसँगै विद्यार्थीको सहक्रियाकलापमा जोड दिँदै आएको विद्यालयले बुधबार कक्षागत रूपमा प्रस्तुतीकरण राखेको हो । कक्षा १० का विद्यार्थीले श्रव्यदृश्य सामग्रीसहित आआफ्नो प्रस्तुति राखेको विद्यालयका प्राचार्य फुर्वु ठिन्लेले जानकारी दिनुभयो । विद्यार्थीहरूको समूहगत र एकल प्रस्तुतीकरणले कार्यक्रम ज्ञानवर्द्धक , रोचक र उपलब्धिमूलक रहेको उहाँको भनाइ थियो । निममित पाठ्यक्रम र अतिरिक्त कार्यक्रमलाई फरक ढङ्गलले जोड दिँदै आइएको विद्यालयमा हरेक कक्षाका विद्यार्थीहरूले एकल र समूहगत प्रस्तुतीकरण एवम् प्रदर्शनी गर्ने उहाँल जानकारी दिनुभयो । यसैअनुरूप बुधबार १० कक्षाका विद्यार्थीहरूले हार्ट अट्याक, ब्रेस्ट क्यान्सर, कन्जक्टिभाइटिस, वर्म्स, लेप्रोसी, पोलियो, लम्पी स्कीन, स्मल पक्सका बारेमा प्रस्तुति राखेका थिए । सो अवसरमा उनीहरूले यी रोग र सङ्क्रमणका लक्षण, कारण , असर र रोकथामका बारेमा श्रव्यदृश्य सामग्री, वृत्तचित्र र प्रस्तुती राखेको विद्यालयका विज्ञान शिक्षक दीपकराज बरालले जानकारी दिनुभयो । सो अवसरमा विद्यार्थीहरूले ब्लड ग्रुप डिभिजन, स्वस्थ जीवनयापन कसरी गर्न सकिन्छ भन्नेबारेमा ज्ञानवर्द्धक सामग्रीसमेत प्रस्तु गरेका थिए । सो अवसरमा विभिन्न सांस्कृतिक नृत्य, गायनसमेतको विद्यार्थीको कला एमव् क्षमता प्रदर्शनीलेले कार्यक्रम रोचक बनेको विद्यालयका नेपाली शिक्षक अमृत घिमिरेले जानकारी दिए ।

# छैटौं विश्व संस्कृत दिवस

**रासस**
काठमाडौं, १३ भदौं

प्रत्येक वर्ष श्रावण शुक्ल पूर्णिमा (ऋषितर्पणी) को दिन पारेर मनाउन थालिएको विश्व संस्कृत दिवसको छैटौं संस्करण बिहीबार विभिन्न कार्यक्रम गरी मनाइँदै छ ।

जरो किलो प्रतिष्ठान नेपालको आह्वानमा २०७५ सालदेखि विश्व संस्कृत दिवस मनाउन प्रारम्भ गरिएको हो । छैटौं विश्व संस्कृत दिवसको आयोजना नेपाल, अमेरिका र बेलायतलगायत देशका विभिन्न संस्थाले संयुक्तरुपमा गरेका छन् । नेपालबाट नेपाल संस्कृत विश्वविद्यालय, त्रिभुवन विश्व विद्यालयको संस्कृत केन्द्रीय विभाग र सोही विश्व विद्यालयअन्तर्गतको त्रिचन्द्र महाविद्यालयस्थित दर्शनशास्त्र तथा मनोविज्ञान विभाग, जयतु संस्कृतम्, सनातन धर्म महासङ्घ र जरो किलो प्रतिष्ठान, अमेरिकाबाट सहृदयता इन्टरनेसनल र विश्व भूटानी हिन्दू सङ्गठन तथा बेलायतबाट नेपाली हिन्दू फोरम युकेको सहकार्यमा यो दिवस मनाइँदैछ । नेपालमा छैटौं विश्व संस्कृत दिवसको मूल समारोह आज काठमाडौंमा आयोजना गरिएको छ । देश तथा विदेशबाट कार्यपत्र, संस्कृत रचना तथा विशिष्ट वक्तव्यको प्रस्तुति पनि हुनेछ । नेपालका विभिन्न भूभागका साथै भारत, अमेरिका, बेलायत, अष्ट्रेलिया, इजरायल, दक्षिण कोरिया, कतारलगायत देशमा छैटौं विश्व संस्कृत दिवस मनाइदै छ ।

# ‘एमसिसी नेपाल कम्प्याक्ट’ कार्यक्रम कार्यान्वयनमा

**रासस**
काठमाडौं, १३ भदौं

नेपाल सरकार तथा मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) को संयुक्त लगानीको ‘एमसिसी नेपाल कम्प्याक्ट कार्यक्रम’ कार्यान्वयन चरणमा प्रवेश भएको घोषणा भएको छ ।

मिलेनियन च्यालेन्ज नेपाल अकाउन्ट विकास समिति (एमसिए-नेपाल) अन्तर्गत कार्यान्वयन हुने परियोजनाको पूर्वतयारीका काममा पर्याप्त प्रगति भएको सहमतिपछि उक्त घोषणा गरिएको हो । अर्थमन्त्री डा प्रकाशशरण महत र एमसिसीका कम्प्याक्ट सञ्चालनसम्बन्धी उपाध्यक्ष क्यामेरोन अल्फोर्डले आज अर्थ मन्त्रालयमा आयोजित विशेष समारोहमा एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश (इन्ट्रीइन्ट्रीफोर्स-इआईएफ) सम्बन्धी पत्र आदानप्रदान गर्नुभयो । एआइएफसम्बन्धी पत्र आदानप्रदान कार्यक्रममा अर्थमन्त्री डा महतले एमसिए-नेपाल अन्तरगत कार्यान्वयनहुनेविद्युत्प्रसारणलाईन र सडक आयोजनाले समग्र पूर्वाधार क्षेत्रका लागि महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । उहाँले भन्नुभयो,“आजबाट हामीले एमसिसी कार्यान्वयन सुरुआत गरेका छौं ।

यो कोशेढुङ्गासम्ममा आइपुग्न धेरै उतावचढाव भोग्नु परेको थियो ।” अर्थमन्त्री डा महतले भन्नुभयो, “नेपालले पूर्वाधारका क्षेत्रमा धेरै काम गर्न बाँकी रहेको छ । एमसिए नेपालअन्तरगतका सडक आयोजनाले नागरिकलाई उत्पादनमा जोड्न र उद्यम व्यवसायका लागि सहजता दिनेछ । अर्कोतर्फ नेपालमा जलविद्युत्को ठूलो सम्भावना रहेकाले प्रसारणलाइनले नेपालभित्रको प्रसारण प्रणाली सहज बनाउने मात्र नभइ भार तसँगको अन्तरदेशीय विद्युत व्यापारका लागि पनि महत्वपूर्ण रहेको छ ।”

अर्थ सचिव एवं एमसिए-नेपाल सञ्चालक समिति अध्यक्ष अर्जुनप्रसाद पोखरेलले नेपालको विद्युत् व्यापारमा लागि प्रसारण आयोजना महत्वपूर्ण रहेको बताउनुभयो । जग्गा अधिग्रहणको काममा शीघ्रता दिएर चाँडै सक्ने र परियोजना कार्यान्वयनका क्रममा अनुगमनको काम प्रभावकारी ढङ्गले गर्ने प्रतिबद्धता उहाँले जनाउनुभयो ।

एमसिए-नेपालका प्रमुख कार्यकारी अधिकृत (सिईओ) खड्गबहादुर विष्टले जग्गा अधिग्रहण र मुआब्जाको काम आगामी डिसेम्बर सम्ममा सकिसक्ने तयारी रहेको बताउनुभयो । प्रसारणलाइनको ठेक्का प्रक्रिया सुरु भइसकेको उहाँको भनाइ छ । नेपालका लागि अमेरिकी राजदूत डीन थम्पसनले दुई देशबीच ७५ वर्ष देखिको मैत्रीपूर्ण सम्बन्धबारे स्मरण गर्नुहुँदै एमसिसी नेपाल कम्प्याक्टले दीर्घकालका लागि नेपालको समृद्धिलाई उकास्ने विश्वास व्यक्त गर्नुभयो । एमसिसीका कम्प्याक्ट सञ्चालनसम्बन्धी उपाध्यक्ष क्यामेरोन अल्फोर्डले एमसिसी अन्तर्गतका परियोजना कार्यान्वयनका क्रममा इआईएफ एक महत्वपूर्ण कोशेढुङ्गा रहेको बताउनुभयो ।

